नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४२
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

## म्याग्दीका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको थप निषेध आदेश।

महामारीको रूपमा फैलिदैं गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण म्याग्दी जिल्लामा तीव्र रूपमा बढीरहेको हुदाँ उक्त संक्रमण रोकथाम तथा नियन्त्रण गर्न संक्रमणको चेन ब्रेक (Chain Break) को लागि निषेधाज्ञा जारी गर्न अपरिहार्य भएकोले यस पूर्व जारी भएको निषेध आदेश २०७८ जेठ १७ गते सम्म कायम रहेको सन्दर्भमा संक्रमण अझै रहिरहेकोले मिति २०७८ जेठ १६ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा, नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८; स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८ जेठ १७ गते रातको १२:०० बजे देखि मिति २०७८ जेठ २४ गते रातको १२:०० बजेसम्म ७ (सात) दिन म्याग्दी जिल्लाभर लागू हुने गरी देहायको निषेध आदेश थप गरी जारी गरिएको व्यहोरा अनुरोध छ।

### देहाय

१. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने र हिड्डुल नगर्ने, मर्निङ वाक, इभिनिङ वाक समेत नगर्ने।

२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेलाजम्मा हुने, भिडभाड, जुलुस, जात्रा, महोत्सव नगर्ने।

३. एम्बुलेन्स; दमकल; शववाहन; बिरामी तथा कुरूवा बोक्ने सवारी साधन (बढीमा दुई जना); पशुपंक्षीका दाना बोक्ने सवारी साधन; निर्माण सामाग्री एवं फोहोरमैलाका सवारी साधन; खाद्यसामाग्री, कृषि सामाग्री, मल, बिउविजन, दुध तथा तरकारी बोक्ने सवारी साधन (चालक र सहचालक); ग्याँस तथा पेट्रोलियम पदार्थ बोक्ने सवारी साधन; केवल, टेलिफोन, विद्युत तथा खानेपानी मर्मतका सवारी साधन, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु बाहेकका कुनै प्रकारका सार्वजनिक वा निजी यात्रु तथा मालवाहक सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन नगर्ने।

४. मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी नित्य पूजा र प्रार्थना मात्र गर्ने गरी अन्य कार्य नगर्ने नगराउने।

५. क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम, प्रशिक्षण केन्द्रहरू तथा विद्यालयबाट भौतिक रूपमा उपस्थित भई सञ्चालन हुने पठानपाठन लगायत परिक्षाहरू समेत स्थगित गर्ने।

६. सिनेमा हल, पार्टी प्यालेस, होटेल, रेष्टुरेण्ट, चिया तथा खाजा पसल, मोटेल, नाचघर, क्लब, पार्क, खेलकुद स्थल, ब्युटी पार्लर, स्वीमिङ पुल, तातोपानी कुण्डहरू, सैलुन, सुनचाँदी पसल, टेलरिङ, फेन्सी तथा कपडा पसल, स्टेशनरी, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, हार्डवयर, भाँडापसल, फुटपाथ पसल लगायतका अन्य सबै प्रकारका सेवा एवं सटर/स्थलहरू नखोल्ने तथा सञ्चालन नगर्ने।

७. विवाह, व्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरू पार्टी प्यालेस तथा होटलमा सञ्चालन नगर्ने नगराउने। पूर्व निर्धारित विवाह कार्यक्रम आफ्नै घर परिसरमा सञ्चालन गर्दा तोकिएका स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गरी दुबै पक्षका गरी १० जना भन्दा बढी व्यक्ति सहभागी हुन नपाइने, सवारी साधन प्रयोग गर्नुपर्नेको हकमा बर वा बधु पक्षले बढीमा ५ जना मात्र हुने गरी एक वटा सवारी साधन मात्र व्यानर राखी प्रयोग गर्ने।

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

८. आफुनै प्रत्यक्ष संलग्न भई गर्नुपर्ने मृत्यु संस्कार बाहेकका अन्य गतिविधिहरूमा संलग्न नहुने। दाहसंस्कार गर्दा नेपाल सरकारको कोरोना संक्रमितको शव व्यवस्थापन निर्देशिका बमोजिम २५ जना भन्दा बढी सहभागी नहुने।

९. औषधी एवं स्वास्थ्य सामाग्रीका पसलहरू २४ सैं घण्टा खुला रहने।

१०. खाद्यान्न, कृषि औजार, मल, बिउविजन, स्थानीय उत्पादित तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, ग्याँस लगायतका अत्यावश्यक सेवाका पसलहरू स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पूर्ण पालना गरी बिहान ५:०० बजे देखि १०:०० बजे सम्म मात्र खोल्ने।

११. उद्योग र सार्वजनिक निर्माण कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरूलाई उद्योग परिसर वा निर्माण स्थल नजिकै खाना र बाँसको व्यवस्था गरी स्वास्थ्य तथा सुरक्षा मापदण्ड पूर्ण रूपमा अपनाइ सञ्चालन गर्ने/गराउने।

१२. स्वास्थ्य, सुरक्षा, सञ्चार, विद्युत, खानेपानी, पेट्रोलिम पदार्थ, फोहोरमैला सरसफाई, औषधी तथा औषधीजन्य उत्पादन सेवा तथा बिक्री बितरण लगायतका अत्यावश्यक कार्य गर्ने बाहेकका अन्य सरकारी तथा गैर-सरकारी कार्यालयहरूबाट प्रदान गरिने सेवाहरू प्रवाह नगर्ने। यस अनुसार सञ्चालन हुने कार्यालयका कर्मचारीहरू घरबाट कार्यालय आउन र जान बिहान ९:०० देखि १०:०० बजे र बेलुका ५:०० बजे देखि ६:०० बजे सम्म मात्र परिचयपत्र र पोशाकका आधारमा आवतजावत गर्ने पाउने।

१३. बैक, बित्तिय संस्था एवं सहकारी संस्थाहरूले हप्ताको २ दिन (आइतवार र बुधबार) बिहान १०:०० बजे देखि दिनको २:०० बजे सम्म स्वास्थ्य मापदण्डको पूर्ण परिपालना गरी सञ्चालन गर्ने।

१४. प्रत्येक स्थानीय तहहरूले कोभिड १९ रोकथाम सुक्ष्म योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/गराउने।

१५. माथि उल्लेखित आदेशको पालना गर्नु/गराउनु सबै व्यक्ति, संघ-संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरूको कर्तब्य हुनेछ।

उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८; कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ एवं अन्य प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

२०७८/०२/१६

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

मिति: २०७८/०२/१६